# १ अगमवक्ता हुन यर्मियालाई गरिएको आह्वान

*यस अध्यायका मूल पदहरू:* यशैया १:१९, यर्मिया ७:५-७, १ राजा २:२६, यर्मिया १:१-५, यशैया ६:५, यर्मिया १:६-१९, मत्ती २८:२०।

**यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पदः "५ "मैले तिमीलाई तिम्रो आमाको गर्भमा रच्नुभन्दा अघि नै तिमीलाई चिनिसकेको थिएँ, तिमी जन्मनुभन्दा अघि नै मैले तिमीलाई अलग राखें। मैले तिमीलाई राष्ट्रहरू अर्थात् जाति-जातिहरूका निम्ति एक अगमवक्ता हुनलाई नियुक्ती गरें।" यर्मिया १:५ (रूपान्तरित)।**

पुरानो करारमा धेरै अगमवक्ताहरू छन् तर यर्मियाको जीवनको बारेमा जस्तो धेरै ज्ञान अरूको छैन। यर्मियाको पुस्तकमा लेखिएको उनको जीवन कहानीले गर्दा नै उनी परमेश्वरको अगमवक्ता भएर कसरी काम गरे भनेर हामीलाई जानकारी छ। यहूदि इतिहासमा यर्मियाको प्रभाव यतिको ठूलो थियो कि येशूको पालामा पनि शिष्यहरूको निम्ति स्कुलहरू र साहित्यिक कार्यगोष्ठीहरू यर्मियाको भविष्यवाणी गर्ने सेवाकार्यमा आधारित हुन्थ्यो।

त्यत्रो महान् प्रभावकारी अगमवक्ताको काम अति उल्लेखनीय हुनुपर्नेमा मानिसको नजरमा उनको सफलता अत्यन्त न्युन थियो अर्थात् तत्कालिन यहूदिहरूको बीचमा उनको प्रयासको सफलता अलिकतिमात्र थियो। दशौं वर्षसम्म यर्मियाले परमेश्वरबाट आएका अथक अनुरोध र चेतावनीहरू मानिसहरूलाई सुनाएका थिए तर प्रायजसो उनको आवाजलाई तिनीहरूले न त सुने न त वास्ता गरे।

यद्यपि, यर्मिया त्यस्तो व्यक्तित्व थियो कि परमेश्वरप्रतिको उनको विश्वास न त कुनै धार्मिक गुरूहरूमा आधारित थियो न त कुनै राजा महाराजाहरूमा, न त कुनै विद्वान न त कुनै मानिसहरूमा, उनी किनबेचमा परेको परमेश्वरको भक्त थिएनन्। "उनी शहरको शक्तिशाली किल्ला, फलामको खम्बा र ढलौतको पर्खाल जस्तो आफ्नो नीतिमा अडिग भएर बसे" (यर्मिया १:१८ रूपान्तरित), तर उनी आफ्नै बलले त होइन तर परमेश्वरको बलले उहाँको निम्ति धरोहर भए।

परमेश्वरसँग खुलमखुल्ला बातचित गर्ने र उनीसँग उहाँ रहेको आभास् उनले पाएतापनि उनको जीवन प्रायजसो रमाइलो वा सुखमय थिएन। परमेश्वरले उनलाई अगमवक्ता अभिषेक गर्नुभएको कारणले उहाँको पुनित कामलाई स्विकार्दा उनले धेरै धेरै दुःखकष्ट, मानिसहरूबाट तिरस्कार, पिडा, विपत्ति र झ्यालखानामा समेत थुनिएर सतावट भोग्नु परेको थियो। अझ प्रायजसो ती पिडादायी कष्टहरू त ती आफ्ना मानिसहरूबाट आए जसलाई उनले सहयोग गर्न खोजेका थिए र ठीक दिशातिर उनीहरूलाई तान्न खोजेका थिए। त्यस परिवेशमा भन्नुपर्दा यर्मियाले सयौं वर्षपछि आउने येशूको जीवनको प्रतिविम्बलाई ग्रहण गरेका थिए, उनको जस्तो तिरस्कार, बहिस्कार र आततायी कष्ट आफ्नै भूमिमा अरु कसैले भोग्नु परेको थिएन।

## १. अगमवक्ताहरू

परमेश्वरका प्रवक्ता अर्थात् उहाँका बिचारहरूलाई जनसमक्ष ल्याउने विशेष व्यक्तिहरूलाई भविष्यवक्ता, अगमवक्ता र मुखपात्र भनिन्छ। बाइबलमा उल्लेख गरिएको अनुसार परमेश्वरको व्यवस्था अनुसार चल्न र त्यसलाई सुरक्षित राख्न जनताको सामु निर्णायित्मक आवाज घन्काउने तिनीहरूको काम थियो। तिनीहरू करार र दश आज्ञाहरूको जगमा खम्बा जस्तो भएर उभिन्थे

(यर्मिया ११:२-६)। मीका ३:८मा अगमवक्ताको कामलाई निचोडमा यसरी प्रकट गर्दछ "८ तर म त याकूबलाई तिनको अपराध र इस्राएललाई तिनको पाप जनाइदिनलाई परमप्रभुका आत्माद्वारा शक्ति, न्याय र पराक्रमले पूर्ण छु।" र परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू बिना पापको अवधारणा अर्थहिन हुन्छ (रोमी ७:७)।

बाइबलको समयमा परमेश्वरले अगमवक्ताद्वारा दिएका केही सन्देशहरू देहायका पदहरूमा दिइएका छन्। ती सन्देशहरू त्यसबेलाको निम्तिमात्र होइन अहिले पनि किन सान्दर्भिक छन् भनेर सोच्नु जरुरी छः यशैया १:१८-२०, "१८ परमप्रभु भन्नुहुन्छ, "अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं। तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्। गाढ़ा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन्। १९ यदि तिमीहरू राजी र आज्ञाकारी भयौ भने, तिमीहरूले यस देशका असल-असल कुरा खान पाउनेछौ। २० तर तिमीहरू इन्कार गर्छौं र अटेरी हुन्छौ भनेता, तिमीहरू तरवारले काटिनेछौ।" किनकि परमप्रभुकै मुखले यो कुरा भन्नुभएको हो।", यर्मिया ७:५-७ " यदि तिमीहरूले आफ्ना चाल र कामहरू साँच्ची नै सुधार्‍यौ, र तिमीहरू एउटाले अर्कासित न्यायसङ्गत व्यवहार गर्‍यौ भने, ६ यदि तिमीहरूले विदेशी, टुहुरा-टुहुरी र विधवाहरूमाथि अत्याचार गरेनौ भने, अथवा यस ठाउँमा निर्दोषको रगत बगाएनौ भने, र यदि तिमीहरूको आफ्नै हानिको निम्ति अरू देवताहरूका पछि लागेनौ भने, ७ म तिमीहरूलाई यस ठाउँमा बस्न दिनेछु, यसै देशमा, जो मैले तिमीहरूका पिता-पुर्खालाई युग-युगसम्म रहनलाई दिएको थिएँ। ८ तर हेर, तिमीहरू छली कुरामा भरोसा राख्तछौ, जो व्यर्थैका छन्।", इजकिएल १८:२१-२३ " "तर यदि कुनै दुष्ट मानिसले आफूले गरेका सबै पापहरू त्यागेर मेरा विधिहरू पालन गर्‍यो, र न्यायसङ्गत र ठीक काम गर्‍यो भने, त्यो

निश्चय नै बाँच्नेछ। त्यो मर्नेछैन। २२ त्यसले गरेको कुनै पनि अपराध त्यसको विरुद्धमा फेरि सम्झना हुनेछैन। त्यसले गरेको धर्मको कारण त्यो बाँच्नेछ। २३ के दुष्टको मृत्युमा म खुशी हुन्छु र? परमप्रभु परमेश्वर भन्नुहुन्छ। बरु आफ्नो चाल छोड़ेर तिनीहरू बाँचेका म हेर्न चाहन्नँ र?" (त्यही सन्दर्भमा मत्ती ३:७-१२ पनि " ७ तर फरिसीहरू र सदुकीहरूमध्ये धेरै जनालाई बप्तिस्मा लिन आइरहेका देखेर तिनले उनीहरूलाई भने, “सर्पका बच्चा हो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो? ८ यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ। ९ अब्राहाम नै हाम्रा पिता हुनुहुन्छ भनी आपसमा भन्ने नगर। किनभने म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाहरूबाट अब्राहामको लागि सन्तान उत्पन्न गर्न सक्नुहुन्छ। १० अहिले नै रूखको फेदमा बन्चरो परिसकेको छ। यसकारण असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ।

११ “मचाहिँ त तिमीहरूलाई पश्चात्तापको लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्यको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ। १२ उहाँको निफन्ने नाङ्लो उहाँकै हातमा छ, र उहाँले आफ्ना खलालाई पूरै सफा पार्नुहुनेछ, र आफ्नो गहूँ धनसारमा जम्मा गर्नुहुनेछ, तर भुसजति चाहिँ ननिभ्ने आगोमा जलाउनुहुनेछ।”

परमेश्वरले ल्याउनुहुने न्याय आवश्यक थिएन तर यदि मानिसहरू दुष्टमार्गबाट हटेनभने न्यायमूर्ति सधैं टुलुटुलु हेरिरहेर बस्नुहुनेछैन। भ्रष्ट र खराबकामको आदतमा हिंड्नेहरूको निम्ति परिवर्तन सजिलो त छैन। दुष्ट कामलाई रूचाउने मानिसहरूलाई कसले देखेको छैन र तिनीहरूको राक्षसी चालाप्रति को वाक्क हुँदैन होला? मानिसहरूको भ्रष्ट, पापी, दुष्ट र अपराधिक चाललाई खुलासा गराएर यदि तिनीहरू त्यसबाट फर्केनभने तिनीहरूको गति

के हुनेछ भनेर सन्देश दिने अगमवक्ताहरूको काम थियो। अगमवक्ता आफैबाट दिने सन्देश नभएर परमेश्वरबाट आएको सन्देश तिनीहरूले सुनाउँथे।

प्रायजसो अगमवक्ताहरूले परमेश्वरको वचन कसरी तिनीहरूलाई प्रकट भयो र कसरी सुने भनेर उल्लेख गर्दैनथे। कतिपय समयमा परमेश्वरले तिनीहरूसँग सिधै बोल्नुहुन्थ्यो। अरू समयमा पवित्र आत्माले सपना वा स्वप्नदर्शन वा "सानो स्वर"द्वारा (१ राजा १०:१२) बोल्नुहुन्थ्यो। जुनसुकै तरिकाले अगमवक्ताहरूले सन्देश पाएतापनि तिनीहरूको काम ती सन्देशहरूलाई सर्वसाधारण जनतालाई मात्र होइन चाहिएको खण्डमा राजाहरू, सम्राटहरू र युद्धका सेनापतीहरूलाई परमेश्वरको चाहनालाई सञ्चार गर्नुपर्थ्यो।

त्यस काममा ठूलो तथा गम्भिर जोखिमपूर्ण जिम्मेवारी समावेश हुन्थ्योः यदि तिनीहरूले परमेश्वरको आवाज मानिसहरूको सामु घन्कार भने ती शक्तिशाली शासकहरूले तिनीहरूलाई मार्न सक्थे। यदि परमेश्वरको वचन तिनीहरूले सुनाएन भने तिनीहरूदेखि परमेश्वर रुष्ट भएर तिनीहरूमाथि परमेश्वरको न्याय खनिन्थ्यो। अगमवक्ता हुनु चानचुने काम थिएन। परमेश्वरको वचन उहाँलाई मन नपाराउनेहरूलाई सुनाउने काम भारी थियो यद्यपि बाइबल अनुसार जुनसुकै जोखिम सहनुपरेतापनि ती अगमवक्ताहरूले आफूहरूलाई दिएको जिम्मेवारी गम्भिरतापूर्वक वहन गरेका थिए।

हामी त्यसमा खुशी हुनुपर्छ किनभने तिनीहरूका सन्देशहरू हाम्रो सामु बाइबलको रूप लिएर आएको छ। त्यस अर्थमा भन्ने हो भने तिनीहरूका वचनहरू वर्तमान परिप्रेक्ष्यमा पनि सान्दर्भिक छन् अर्थात् बाइबलबाट तिनीहरूका आवाजहरू हाम्रो सामु अझै पनि उठिरहेका छन्। तर हाम्रो सामु त्यही प्रश्न खडा भएका

छन् जुन् यर्मियाको समयमा थियोः के हामीहरूले तिनीहरूलाई सुन्न तयार छौं त?

हजारौं वर्ष पछि पनि ती अगमवक्ताहरूले हामीहरूलाई के भनिरहेकाछन्? निचोडमा भन्ने हो भने परमेश्वरबाट उहाँका जनहरूलाई दिइएको मौलिक सन्देश सन्देश के हो त?

## २. यर्मियाको पारिवारिक पृष्ठभूमि

१ राजाहरू र १ राजाहरू २:२६मा आफ्नो घरबाट पुजारी अवियथार किन पलायन हुनुपर्‍यो भनेर उल्लेख गरेका छन्। हेर्नुहोस्ः " १ जब दाऊद राजा वृद्ध भएर तिनको उमेर ढल्किसकेको थियो, तिनलाई लुगा ओढ़ाइदिँदा पनि तिनी तातिँदैनथे। २ यसैकारण तिनका सेवकहरूले तिनलाई भने, "हजूरको सेवा-टहल र हजूरको हेरचाह गर्नलाई कुनै एउटा कन्ये-केटी हामी खोज्छौं। त्यसले हाम्रा महाराजालाई न्यानो पार्न त्यो हजूरसँगै सुतोस्।" ३ तब तिनीहरूले सारा इस्राएल देशभरि खोज्दा एउटी सुन्दरी कुमारी शूनम्मी अबीशगलाई भेट्टाए, र त्यसलाई राजाकहाँ ल्याए। ४ त्यो अत्यन्त सुन्दरी थिई। त्यसले राजाको सेवा-टहल र हेरचाह गर्न लागी। तर राजाले त्यससँग सहवास गरेनन्। ५ तब हग्गीतका छोरा अदोनियाहले "म नै राजा हुनेछु" भनी आफैलाई अगि सार्न लागे। यसैले उनले पचास जना मानिसहरू, घोड़चढ़ीहरू र रथहरूसमेत आफ्नो अगिअगि दगुर्न तयार गरे। ६ उनका पिताले उनलाई "तिमी किन यस्तो व्यवहार गर्छस् भनेर सम्झाएनन्। अदोनियाह पनि एक अत्यन्तै सुन्दर मानिस थिए र उमेरमा अब्शालोमभन्दा पछि जन्मेका थिए। ७ अदोनियाहले सरूयाहका छोरा योआब र अबियाथार पूजाहारीसँग सल्लाह लिए र उनीहरूले उनलाई सहायता दिए। ८ तर सादोक पूजाहारी, यहोयादाका छोरा बनायाह, नातान अगमवक्ता, शिमी, रेई र दाऊदका विशेष अङ्गरक्षकहरूचाहिँ अदोनियाहतर्फ लागेनन्। ९ तब

अदोनियाहले एन-रोगेलनेरको जोहेलेत भन्ने ढुङ्गामा भेड़ाहरू, गाई-
गोरुहरू र पोसिएका बाछ्राहरू बलिदान चढ़ाए। उनले आफ्ना सबै
राजकुमार भाइहरू र यहूदाका सबै राजकीय अधिकारीहरूलाई
निम्तो दिए, १० तर उनले नातान अगमवक्ता, बनायाह, विशेष
अङ्गरक्षकहरू र आफ्ना भाइ सोलोमनलाई निम्तो दिएनन्। ११
तब नातानले सोलोमनकी आमा बतशेबालाई सोधे, "के तपाईंले
सुन्नुभएको छैन, कि हाम्रा मालिक दाऊदले थाहा नपाईकनै
हग्गीतका छोरा अदोनियाह राजा भएछन्। १२ अब सुन्नुहोस्,
तपाईंको आफ्नै र तपाईंका छोरा सोलोमनको ज्यान कसरी
बचाउन सकिन्छ सो म तपाईंलाई सल्लाह दिनेछु। १३ गएर
दाऊद राजासँग भेटेर उहाँलाई यसो भन्नुहोस्, हे प्रभु मेरा
महाराजा, के हजूरले आफ्नी दासीसँग यसो भनेर शपथ खानुभएको
थिएन, "निश्चय नै तिम्रो छोरो सोलोमन मपछि राजा हुनेछ र त्यो
नै मेरो सिंहासनमा बस्नेछ" तब किन अदोनियाह राजा भयो त १४
जब तपाईं राजासँग कुरा गरिरहनुभएको हुन्छ त्यसै बेलामा म भित्र
आउनेछु, र तपाईंले भन्नुभएको कुराको पुष्टि गरिदिनेछु।" १५
तब बतशेबा वृद्ध राजासित भेट गर्न कोठामा गइन्, जहाँ शूनम्मी
अबीशगले तिनको स्याहारसुसार गर्दैथिई। १६ बतशेबा निहुरेर
राजाको सामु घुँड़ा टेकिन्। राजाले भने, "तिमीलाई के चाहियो
१७ तिनले राजालाई भनिन्, "हे मेरा प्रभु, हजूरले आफ्नी दासीसँग
परमप्रभु हजूरका परमेश्वरको नाउँमा यस्तो शपथ खानुभएको
थियो, मपछि तिम्रो छोरो सोलोमन राजा हुनेछ, र त्यो मेरो
सिंहासनमा बस्नेछ' । १८ तर अहिले अदोनियाह पो राजा
भइसकेछ। यो कुरा प्रभु मेरा महाराजालाई थाहै छैन। १९
त्यसले धेरै संख्यामा गाईबस्तुहरू र पोसिएका बाछ्राहरू अनि
भेड़ाहरू बलिदान चढ़ाएको छ, र सबै राजकुमारहरू अबियाथार
पूजाहारी र सेनापति योआबलाई निम्तो दिएछ, तर हजूरको दास
सोलोमनलाई चाहिँ निम्तो दिएनछ। २० अब हे मेरा प्रभु

महाराजा, हजूरपछि सिंहासनमा को विराजमान हुनेछ भनेर हजूरबाट
जान्नलाई सारा इस्राएलले हजूरलाई हेरिरहेका छन्। २१ नत्रता
जब हजूर आफ्ना पितृहरूसित सुतिजानुहुनेछ, तब म र मेरो छोरो
सोलोमनलाई अपराधीझैं व्यवहार गरिनेछ।" २२ तिनी राजासँग
कुरा गरिरहेकै बेलामा नातान अगमवक्ता आइपुगे। २३ "नातान
आएका छन्" भनी तिनीहरूले राजालाई सुनाइदिए। तब नातान
आएर भूइँसम्मै निहुरेर राजालाई दण्डवत् गरे। २४ नातानले भने,
"हे मेरा प्रभु महाराजा, के अदोनियाह हजूरपछि राजा हुनेछन्, र
हजूरको सिंहासनमा उनी नै बस्नेछन् भनी हजूरले घोषणा गर्नुभएको
हो? २५ उनले आज तल गएर धेरै गाई-गोरु र पोसिएका
बाछाहरू अनि भेड़ाहरू बलिदान चढ़ाएका छन्। उनले सबै
राजकुमारहरू, सेनापतिहरू र अबियाथार पूजाहारीलाई भोजमा निम्तो
दिएका छन्। अनि अहिले यसै बेला उनीहरू उनीसँगै खाँदै, पिउँदै
र यसो भनिरहेका छन्, राजा अदोनियाह दीर्घायु होऊन्' । २६
तर उनले हजूरको दास मलाई र सादोक पूजाहारी, यहोयादाका
छोरा बनायाह र हजूरको दास सोलोमनलाई निम्तो दिएनन्। २७
के यो हजूरको आज्ञाद्वारा भएको हो? अनि हामी हजूरका
दासहरूलाई चाहिँ हजूरपछि सिंहासनमा को बस्ने हो भनी हजूरले
थाहा नै दिनुभएको छैन २८ तब दाऊद राजाले भने, "बतशेबालाई
भित्र बोलाऊ।" यसैले तिनी राजाको सामुन्ने आएर उभिन्। २९
तब राजाले यसो भनेर शपथ खाए, "मेरा सबै दुःखबाट मलाई
छुटकारा दिनुहुने जीवित परमप्रभुको नाउँमा शपथ खाएर म
भन्दछुः ३० परमप्रभु इस्राएलका परमेश्वरको नाउँमा मैले शपथ
खाएर तिमीलाई भनेको थिएँ, तिम्रो छोरो सोलोमन नै मपछि राजा
हुनेछ, र मेरो सिंहासनमा मेरो सट्टामा बस्नेछ' । आजको दिन म
यो शपथलाई पूरा गर्नेछु।" ३१ तब बतशेबाले राजाको सामुन्ने
घुँड़ा टेकेर निहुरेर भूइँमा घोप्टो परी भनिन्, मेरा प्रभु महाराजा
दाऊद दीर्घायु होऊन्।" ३२ दाऊद राजाले भने, "सादोक

पूजाहारी, नातान अगमवक्ता र यहोयादाका छोरा बनायाहलाई भित्र
बोलाऊ।" जब तिनीहरू राजाको सामु हाजिर भए, ३३ राजाले
तिनीहरूलाई भने, "तिमीहरूका प्रभुका सेवकहरूलाई तिमीहरूसँग
लैजाओ र मेरो छोरो सोलोमनलाई राजाको खच्चरमा सवार गराएर
गीहोनसम्म साथै लैजाओ। ३४ त्यहाँ सादोक पूजाहारी र नातान
अगमवक्ताले त्यसलाई इस्राएलमाथि राजा अभिषेक गरून्। तुरही
बजाओ र यसो भनेर कराओ, "राजा सोलोमन अमर रहोस्।" ३५
तब तिमीहरू त्योसँग उक्लेर आओ, र त्यो भित्र पसेर मेरो
सिंहासनमा बसोस्, र मेरो सट्टामा त्यसले राज्य गरोस्। इस्राएल र
यहूदामाथि शासन गर्नलाई मैले त्यसलाई नियुक्त गरेको हो।"
३६ यहोयादाका छोरा बनायाहले राजालाई जवाफ दिए, "आमेन!
परमप्रभु मेरा मालिक महाराजाका परमेश्वरले यस्तै घोषणा गरून्।
३७ जसरी मेरा महाराजासँग परमप्रभु हुनुहुन्थ्यो, त्यसरी नै उहाँ
सोलोमनसँग पनि होऊन्, र तिनको सिंहासन मेरा प्रभु महाराजा
दाऊदको सिंहासनभन्दा पनि उच्च बनाऊन्।" ३८ तब सादोक
पूजाहारी, नातान अगमवक्ता, यहोयादाका छोरा बनायाह, करेती र
पेलेथीहरू तल झरेर सोलोमनलाई राजा दाऊदको खच्चरमा सवार
गराए, र तिनलाई गीहोनसम्म साथ दिए। ३९ सादोक पूजाहारीले
पवित्र पालबाट तेल राख्ने सीङ लिएर सोलोमनलाई तेलले अभिषेक
गरे। तब तिनीहरूले तुरही फुके, र सबै मानिसहरूले कराएर भने,
"राजा सोलोमन अमर रहून्।" ४० अनि सबै मानिसहरू अत्यन्त
हर्ष मनाउँदै, बाँसुरी बजाउँदै तिनको पछिपछि माथि उक्ले।
तिनीहरूको हल्लाले जमिनै थर्क्यो। ४१ अदोनियाह र उनका
अतिथिहरूले खाइसकेका मात्र थिए, तब उनीहरूले त्यो हल्ला
सुने। तुरहीको आवाज सुनेर योआबले सोधे, "सहरमा यो केको
हल्ला हो ४२ जब उनी यसो भनेर बोल्दैथिए, अबियाथार
पूजाहारीका छोरा जोनाथन आइपुगे। अदोनियाहले भने, "भित्र
आऊ। तिमीजस्ता योग्य मानिसले असल समाचार ल्याएको

हुनुपर्छ।" ४३ जोनाथनले जवाफ दिए, "अँहँ, होइन। साँच्चै, हाम्रा
प्रभु राजा दाऊदले सोलोमनलाई राजा तुल्याउनुभएको छ। ४४
तिनका साथमा सादोक पूजाहारी, नातान अगमवक्ता, यहोयादाका
छोरा बनायाह, करेती र पेलेथीहरूलाई पठाउनुभएको छ, र
तिनीहरूले तिनलाई राजाको खच्चरमा सवार गराए, ४५ अनि
सादोक पूजाहारी र नातान अगमवक्ताले तिनलाई गीहोनमा राजा
अभिषेक गरेका छन्। त्यहाँबाट तिनीहरूले तिनलाई अहिले
धूमधामसाथ आनन्द मनाउँदै माथि पुऱ्याएका छन्, र सहरमा हल्ला
भइरहेछ। त्यही आवाज तपाईंहरूले सुन्नुभएको हो। ४६
त्यसभन्दा अझ बढ़ी के भयो भने, राजाको सिंहासनमा सोलोमन
विराजमान भएका छन्। ४७ अनि राजकीय अधिकारीहरू पनि
हाम्रा प्रभु दाऊद महाराजालाई यसो भनेर अभिवादन गर्नलाई
गएका छन्, हजूरका परमेश्वरले हजूरका छोरा सोलोमनको नाउँ
हजूरको भन्दा अझ प्रसिद्ध गराऊन्, र उहाँको सिंहासन हजूरको
भन्दा पनि अझ प्रतापी बनाऊन्' । अनि राजाले आफ्नो पलङ्गमा
बसेर नै दण्डवत् गरेर भने, ४८ परमप्रभु इस्राएलका परमेश्वरलाई
प्रशंसा होस्, जसले मलाई मेरा आँखाले आज मेरो सिंहासनमा
एउटा उत्तराधिकारीलाई हेर्न दिनुभयो।" ४९ यसैले अदोनियाहका
अतिथि सबै तर्सेर जऱ्याकजुरुक उठेर तितरबितर भए। ५० तर
अदोनियाह आफैचाहिँ सोलोमनदेखि डराएर उठे, र गएर वेदीका
सीङहरू समाते। ५१ तब कसैले गएर यो समाचार सोलोमनलाई
सुनाए, "अदोनियाह सोलोमन राजादेखि डराएका छन्, र उनले
वेदीका सीङहरू समातिराखेका छन्। उनी भन्छन्, राजा सोलोमनले
आफ्नो दासलाई "म तरवारले मार्नेछैनँ," भनी आज शपथ खाएर
मलाई भनून्' ।" ५२ सोलोमनले जवाफ दिए, "यदि उनले
आफूलाई एक योग्य मानिस हुन् भनी प्रमाण दिन सके भने उनको
कपालको एउटा केश पनि भूईंमा खस्नेछैन। तर उनमा दुष्टता
पाइयो भनेता उनी निश्चय नै मारिनेछन्। ५३ तब सोलोमन

**राजाले मानिसहरू पठाएर उनलाई वेदीबाट तल ल्याए। अनि अदोनियाह आएर राजा सोलोमनलाई दण्डवत् गरे। सोलोमनले भने, "तिमी आफ्नो घरमा जाऊ।" १ राजा १ र "२६ अबियाथार पूजाहारीलाई राजाले भने, "अनातोतमा तिम्रो आफ्नै जग्गाजमिनमा जाऊ। तिमी त मारिन योग्यका छौ, तर म अहिले तिमीलाई मार्नेछैनँ, किनभने तिमीले मेरा पिता दाऊदको सामुन्ने परमप्रभुको सन्दूक बोक्ने गर्थ्यौं, र उहाँले सहनुभएका सबै दुःखमा तिमी सहभागी भएका थियौ।" २७ यसैले सोलोमनले अबियाथारलाई परमप्रभुका पूजाहारीको कामबाट खारिज गरिदिए। यसरी नै शीलोमा एलीका घरानाको विषयमा परमप्रभुले दिनुभएको वचन पूरा भयो।" १ राजा २:२६-२७।**

आदोनियाहसँगको प्रतिस्पर्धा गर्नु पुगेको सोलोमनले आफ्नो सिहाँसन सुदृध गरेपछि आदोनियाहको समर्थनमा लागेको पुजारी अबियथारलाई उसको पदबाट हटाएर उसकै गाउँ आनाथोथमा पलायन गरिदिएका थिए। त्यो गाउँ यरुशलेमको करिब पाँच किलोमिटर उत्तरपूर्वमा पर्छ। त्यस आनाथोथमा यर्मियाको पिता हिलकिया बस्दथे जो पुजारी बंशको थियो। यर्मियाको परिवार पनि अबियथारको बंशबाट आएका हुन् भनेर कतिले अनुमान गरेका छन्। तर जे भएतापनि यर्मिया १:१ अनुसार युवक यर्मिया एक प्रतिष्ठित बंशबाट आएका थिए भनेर बताउँछ। अगमवक्तालाई चुन्नेबेलामा परमेश्वरले सबै वर्गका मानिसहरूलाई समेटेका थिए भनेर अगमवक्ताको इतिहासले बताउँछ। ती वर्गहरूमा गोठाला, रब्बी वा धर्मगुरू, माझी, पुजारीहरू थिए।

"यर्मिया लेबी पुजारीको बंशको भएको हुनाले बालककालदेखि नै उनलाई पवित्र सेवाकार्यको निम्ति तालिम दिएका थिए। परमेश्वरको निम्ति सेवा गर्न त्यस रमाइलो वातावरणमा तालिम पाइरहेको बेलामा उसलाई यो थाहा थिएन कि उनी उनको गर्ममा नै राष्ट्र वा मानिसहरूको निम्ति अगमवक्ता

चुनिएको थियो र जब उनलाई बोलाहत भयो तब आफू भावुक भएर त्यस महिमित कामको निम्ति अयोग्य भएको आभास् प्रकट गरेका थिए। “हे प्रभु!" चिच्याउँदै उनले आफ्नो आवाज उठाउँछन् “हेर्नुहोस्, म त बोल्नै जानेको छैनः किनकी म केवल बालकै छु।" यर्मिया १:५,६"- एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस्*, पृ. ४०७बाट रूपान्तरित।

पुजारीहरू देशको नैतिक र आत्मिक अगुवाहरू हुन अपेक्षा गरिएको हुन्थ्यो। देशका मानिसहरूको आध्यात्मिक जीवनको प्रत्येक पक्षमा प्रभाव पार्न तिनीहरूले महत्त्वपूर्ण भूमिका खेल्नु परेको थियो। कतिपय पुजारीहरू आफ्नो काममा भक्तिभावसाथ लागेका थिए भने कतिपयले त्यस पदलाई दुरुपयोग गरेर आफ्नो स्वार्थ पूरा गर्न अनेकौं कुनीतिमा लागेका थिए जुन् परमेश्वरको भक्त भन्न अत्यन्त सुहाउँदैनथ्यो। (मानौं इसाई हुँ भनेर दावी गर्नेहरूले पनि आफ्नो भाऊलाई माथि पार्न कतिसम्म गिर्ने काममा लाग्नसक्छ भनेर कल्पना नै गर्न नसेको जस्तै बाइबलको समयमा पनि परमेश्वरकै नाउँमा कतिपय पुजारीहरूले आफ्नो वर्चस्व कायम राख्न अनेकौं अकल्पनिय काम गरेका थियो)। ती अन्तर्घात गर्ने पुजारीहरूमाथि अगमवक्ता यर्मियाले अत्यन्त कठोर शव्दहरू प्रयोग गरेका थिए भनेर हामीले यर्मियाको पुस्तकमा पढ्नेछौं। परमप्रभु परमेश्वरका त्यस्ता पुजारीहरूमाथि यर्मियाको क्रोध खनिएको थियो, जो पुजारीको काममाको जिम्मेवारी ग्रहण गर्न अयोग्य थिए र त्यस पुनित काममा लाग्न नियुक्ति हुँदा आफ्नो पदको दुरुपयोग गरेका थिए।

**चाहे घरमा होस् चाहे वा चर्चमा होस् वा जहाँसुकै भएतापनि तपाईं इसाई हुँ भनेर दावी गर्नुभएको हैशियतले तपाईंको आत्मिक जिम्मेवारीहरू के हुन्? यदि कुनै अगमवक्ताले तपाईंलाई तपाईंको जिम्मेवारीको बारेमा सम्बोधन गरे के भन्ने थिए होला?**

## ३. यर्मियालाई अगमवक्ता हुन बोलावट

यर्मियालाई अगमवक्ता हुन परमेश्वरले कसरी बोलाउनु भयो भनेर यर्मिया १:१-५मा यसरी दिइएको छ। हेर्नुहोस्: "१ बेन्यामीनको इलाकाको अनातोतमा बस्ने पूजाहारीहरूमध्ये एक जना, हिल्कियाहका छोरा यर्मियाका वचन यी हुन्। २ यहूदाका राजा अमोनका छोरा योशियाहका राजकालको तेह्रौं वर्षमा परमप्रभुको वचन तिनीकहाँ आयो, ३ अनि परमप्रभुको वचन यहूदाका राजा योशियाहका छोरा यहोयाकीमको राजकालभरि र यहूदाका राजा योशियाहका छोरा सिदकियाहका राजकालको एघारौं वर्षको पाँचौं महिनासम्म, यरूशलेमका मानिसहरू कैदमा नलगुञ्जेलसम्मै आइरह्यो। ४ परमप्रभुको यो वचन मकहाँ आयो, ५ "मैले तिमीलाई तिम्रो आमाको गर्भमा रच्नभन्दा अघि नै तिमीलाई चिनिसकेको थिएँ, तिमी जन्मनभन्दा अघि नै मैले तिमीलाई अलग गरें। मैले तिमीलाई जाति-जातिहरूका निम्ति एक अगमवक्ता नियुक्त गरें।"

चाहे पुराना करारका अरू अगमवक्ताहरू नै किन नहुन वा चाहे पावल नै किन नहोस् (गलाती १:१, रोमी १:१), जब परमेश्वरको वचन तिनीहरूकहाँ आए तिनीहरूले आनकानी गरेनन्। तिनीहरूमा आएको वचनहरू परमेश्वरकै थिए भनेर तिनीहरूले ठोकुवा गरेका थिए। त्यही सन्दर्भमा यर्मियाले पनि आफू कसको स्वर सुनिरहेको थिए सो तिनलाई पक्का थियो। यस पदमा र यर्मियाको पुस्तकभरि यर्मियालाई परमेश्वरको वचन आएको थियो जुन उनलाई प्रष्ट थियो। आफूलाई परमेश्वरको वचन नै आएको हो भनेर ठोकुवा गरेको कारण जतिसुकै अरूले विरोध गरेतापनि, जतिसुकै अरूले उसलाई सास्ती र कस्ट दिएतापनि यर्मियाले आफूले दिनुपर्ने सन्देशप्रति अडिग भएर बसेका थिए।

राजा योसियाको राज्यभिषेकको १३रौं वर्षमा परमेश्वरले यर्मियालाई अगमवक्ता हनु बोलाउनुभएको थियो। ऐतिहासिक परिप्रेक्ष्यमा त्यो ई.पू. ६२७ वा ६२६मा पर्छ। ठ्याक्कै कुन वर्षमा उनी जन्मेका थिए र कुन् उमेरमा उसको सेवाकार्य सुरू भयो भन्ने कुरा हामीलाई जानकारी छैन। तर आफूलाई सुम्पिएको जिम्मा ग्रहण गर्न आफू परिपक्व नभएको वा सानै भएको उनले स्वीकारेका थिए।

**माथि दिएको यर्मिया १:४,५को अनुसार यर्मिया बालककै भएतापनि परमेश्वरको वचनले उनलाई सान्त्वना दिनुपर्थ्यो? परमेश्वर आफै उनको गर्भदेखि नै सरिक भएको कारणले उहाँले बोलाउँदा उनी ढुक्क हुनुपर्दैनथ्यो र?**

यर्मिया यस संसारमा जन्मनुभन्दा पहिला नै उनलाई अगमवक्ता हुन परमेश्वरले रोज्नुभएको थियो। आमाको गर्भमा हुँदै परमेश्वरले उनलाई अगमवक्ता हुन अलग गर्नु भएको थियो। "मैले नियुक्ति गरैं" (पद ५)को अर्थ "मैले तिमीलाई अलग गरैं वा छुटयाएँ वा पवित्र बनाएँ" भन्ने जनाउँछ। यसमा पुनित वा धार्मिक अर्थ थियो भनेर ठोकुवा गरेर भन्न सकिन्छ र उनी पवित्र मन्दिरको सेवाकार्यसँग गाँसिएका थिए भनेर पनि जनाउँछ। "पवित्र मन्दिर" भन्ने शब्दको जड पनि त्यही हो जसले "पवित्र कामको निम्ति अलग गरिएको" भनेर जनाउँछ। यस संसारमा आमाको गर्भबाट निस्कनुभन्दा पहिले नै परमेश्वरले यर्मियालाई के गर्ने भनेर योजना बनाउनुभएको थियो। तर याद गर्नुहोस् त्यस पदले यर्मियाको पूर्वजन्म वा निधारमा कर्मले कोरेको भन्ने अन्य धर्म वा दर्शनको धारणालाई समर्थन गर्दैन। तर त्यसले यर्मियाको भविष्यको ज्ञान परमेश्वरमा थियो भनेर देखाउँछ। (हाम्रो भविष्य परमेश्वरलाई थाहा छ भन्दैमा हाम्रो कर्ममा उहाँले लेख्नुभएको थियो त्यसकारण हामी जे गर्छौं हाम्रो कर्ममा लेखिएको अनुसार हुन्छ भन्ने धारणा बाइबलले समर्थन गर्दैन। परमेश्वरले

यर्मियालाई अगमवक्ता हुन चुन्नुभएको थियो तर उनले त्यसको इन्कार पनि गर्न सक्थ्यो जसर यूहन्ना ३:१६ अनुसार सबैलाई परमेश्वरको प्रेम देखाइएको छ र त्यसलाई स्वीकार्ने वा नस्वीकार्ने प्रत्येक मानिसकै आत्मनिर्णयमा सुम्पिएको छ र परमेश्वरले उसको आत्मनिर्णयको सम्मान गर्दै जबरजस्ती आफ्नो प्रेमलाई स्वीकार्न लगाउनुहुन्न। प्रकाश ३:२०ले पनि यो पुष्टि गर्दछ।–अनुवादकको टिप्पणी)।

**परमेश्वरलाई सुरूदेखि अन्तसम्म सबै कुरा थाहा छ किनकि उहाँ सर्वज्ञानी हुनुहुन्छ। त्यस परिप्रेक्ष्यमा हामीले जुनसुकै सास्ती, संघर्ष वा सतावत झेल्नुपरेतापनि हाम्रो भविष्य परमेश्वरमा सुरक्षित राख्न सकिन्छ भनेर हामी कसरी ढुक्क हुने?**

## ४. आनकानी गर्ने अगमवक्ताहरू

परमेश्वरले नै यर्मियालाई उहाँको अगमवक्ता हुन चुन्नु भएको थियो, त्यसमा उनी ढुक्क हुनुपर्थ्यो तर त्यसको बावजुद पछि पनि जब परमेश्वरले उनलाई व्यक्तिगत रूपमा सम्बोधन गर्नुभयो तब उनी त्रसित भए र आफू त्यस काममा योग्य नभएको उहाँलाई बताए। शायद आफू रहेको देशमा मानिसहरूको आत्मघाती आत्मिक अवस्थाले निरन्तरता पाएको महसुस गरेकोले त्यसलाई सम्हाल्न अत्यन्त ठूलो आत्मबल तथा अधिकारको आवश्यकता भएकोले त्यस काम सम्पनन्न गर्न आफूमा खुबी नरहेको यर्मियाले स्वीकार गरेको हुनुपर्छ।

**जब परमेश्वरले उहाँको काम गर्न उहाँको भक्त जनलाई बोलाउनुभयो यर्मिया मात्र होइन अरूहरूले पनि आफ्नो कमजोरीलाई परमेश्वरको सामु राखेर उहाँले दिने महान् जिम्मेवारी बहन गर्न आफूहरू योग्य नभएको स्वीकार गरेका थिए भनेर देहायका केही पदहरूले देहाउँछ। हेर्नुहोस् केही अगमवक्ताहरूले व्यक्त गरेका साझा समस्या वा आनकानीहरू: यर्मिया १:६ "६**

मैले भनें, “हे परमप्रभु परमेश्वर, म त बोल्नै जान्दिनँ, म त बालकै छु।", यशैया ६:५ “ 5 मैले भनें, “धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।” र प्रस्थान ४:१०-१५ “त्यसपछि मोशाले परमप्रभुलाई भने, “प्रभु, म बोल्नमा उस्तो सिपालु छैनँ, न त अघि म सिपालु थिएँ न अहिले तपाईं बोल्नुभएपछि म सिपालु भएको छु, किनकि म बोल्नमा र जिब्रो चलाउनमा ढिलो छु।” ११ परमप्रभुले तिनलाई भन्नुभयो, “मानिसको मुख कसले बनायो? मानिसलाई लाटो वा बहिरो कि देख्ने वा अन्धो कसले बनाउँछ? के म परमप्रभुले नै होइन र? १२ अब जाऊ, म तिमीलाई बोल्न सहायता गर्नेछु, र तिमीले के-के बोल्नुपर्ने हो सो सिकाउनेछु।” १३ तर मोशाले भने, “हे प्रभु, बिन्ती छ, अरू कसैलाई नै पठाउनुहोस्।” १४ तब परमप्रभुको क्रोध मोशामाथि उठ्यो, र उहाँले भन्नुभयो, “के लेवी हारून तिम्रो दाजु छैन र? मलाई थाहा छ कि त्यो राम्ररी बोल्न सक्छ। त्यो तिमीलाई भेट्न आउँदैछ, र तिमीलाई देखेर त्यो खुशी हुनेछ। १५ त्यसैसँग कुरा गर् र त्यसले भन्नुपर्ने कुरा तिमीले बता, र म तिमीहरू दुवैसँग हुनेछु र तिमीहरूले के गर्नुपर्ने हो सो बताउनेछु।"

विभिन्न पृष्ठभूमिबाट आएका परमेश्वरका ती योद्धाहरूलाई उहाँले आफ्नो प्रवक्ता हुन बोलाउँदा त्यो काम गर्न आफूहरू योग्य नभएको जिकिर गरेका थिए। हुनसक्छ आफ्नो कमजोरीलाई स्पष्ट पार्नु नै परमेश्वरको निम्ति बोल्ने जस्तो महत्त्वपूर्ण र निर्णायक काम बोक्न मानिसहरूको निर्णायक योग्यता हुनुपर्छ। महान् परमप्रभु सृष्टिकर्ताको प्रवक्ता! यस्तो महान् कामको जिम्मा लिनु चानचुने काम थिएन। त्यसकैकारण

त्यस कामलाई बोक्न आफूहरूमा खुबी नभएको भनेर तिनीहरू खुम्चिएका थिए।

परमेश्वरले बोल्नेबित्तिकै यर्मियाको पहिलो जवाफ कस्तो थियो, हेर्नुहोस्। मोशाले जस्तो आफू बोल्ने कलामा अयोग्य भएको चर्चा गरेका थिए। यशैयाले पनि आफ्नो ओठलाई औंल्याएर आफ्नो कमजोरीपनालाई प्रस्तुत गरेका थिए। ती सबै अगमवक्ताहरूलाई थाहा थियो कि तिनीहरको काम जे भएतापनि मूल काम भनेको परमेश्वरको वचनलाई मानिसहरू समक्ष सञ्चार गर्नु हो, चाहे बोलेर होस् वा अरू कुनै माध्यमहरूद्वारा। परमेश्वरबाट तिनीहरूले विभिन्न सन्देशहरू पाउने छन् र ती सन्देशहरूलाई मानिसहरूको सामु राख्ने तिनीहरूको जिम्मेवारी हो भनेर तिनीहरूलाई थाहा थियो। आजभोली इमेलबाट वा वेवसाइटबाट वा मोबाइलबाट सन्देशहरू सुनाउन सकिन्छ तर त्यसबेला अगमवक्ताहरूले मानिसहरूको सामु मुखामुख परमेश्वरका वचनहर सुनाउनु पर्थ्यो। विद्रोही अगुवाहरू, कसैको काबुमा नबस्ने आफ्नै तालमा हिंड्ने र जानाजानी परमेश्वरको नीतिलाई पन्छाएर चल्ने मानिसहरूलाई परमेश्वरको चेतावनी र हप्काइ दिनुपर्ने, यो त अति जोखिमपूर्ण काम होइन त? भविष्यवक्ता हुन बोलाइएकाहरूको आनकानी मानविय स्वभावमा जायजै देखिन्छ, होइन त?

**यर्मियाको आनकानीमा परमेश्वरले उनलाई सम्झाउनुभएको थियो। यर्मियालाई परमेश्वरले दिनुभएको जवाफमा हामीले पनि जुनसुकै परिस्थितिको सामना गर्नु परेतापनि यदि उहाँले नै हामीलाई उहाँको काम गर्न खटाउनुभएको हो भनेर हृदयदेखि स्वीकार्न वा विश्वास गर्न सक्यौं भने हामीलाई पनि उहाँको आशा र प्रतिज्ञा उपलब्ध छ भनेर कसरी यकिन हुने? हेर्नुहोस् यर्मिया १:७-१० "तर परमप्रभुले मलाई भन्नुभयो, " 'म त बालकै छु,' भनी नभन्। जसकहाँ म तिमीलाई पठाउँछु ती हरेककहाँ तिमी**

जानैपर्छ र जे-जे म तिमीलाई आज्ञा गर्छु, ती तिमीले भन्नैपर्छ। ८ तिनीहरूसँग नडराऊ, किनकि तिमीलाई बचाउनलाई म तिम्रो साथमा छु, परमप्रभु भन्नुहुन्छ। ९ तब आफ्नो हात पसारेर परमप्रभुले मेरो मुख छुनुभयो, र मलाई भन्नुभयो, "अब, मैले मेरा वचन तिम्रो मुखमा हालिदिएको छु। १० हेर, उखेल्न र भत्काउन, नाश गर्न र भताभुङ्ग पार्न, निर्माण गर्न र रोप्न म आज तिमीलाई जाति-जातिहरू र राज्य-राज्यहरूमाथि (अगमवक्ताको रूपमा) नियुक्त गर्दछु।

## ५. हाडे बदाम वा मदिसे बदामको हाँगा

अगमवक्ता परमेश्वरको निम्ति साक्षी बोक्ने व्यक्ति हुन्। उनको काम आफ्नो होइन परमेश्वरको निम्ति मात्र बोल्ने हो। परमेश्वरको अभिषेक व्यक्ति भएतापनि यर्मियाको काम उनको देशले सामना गरेका अनेकन् समस्याहरूको समाधान गर्न होइन न मानिसहरूले उनको पिछा गर्न उनी कुनै महान् क्रान्तिकारी वा लोकप्रिय व्यक्तित्व हुन नै थियो। उनको काम केवल एउटैमात्र थियो, त्यो थियो परमेश्वरले उनलाई बोल्नुभएको वचन मानिस र अगुवाहरूसम्म पुऱ्याउने। यहाँ मानिस वा मानिसको खुबीको सराहना वा प्रतिष्ठा बढाउने नभएर केवल परमेश्वरको सार्वभौमिकता र शक्तिलाई जनसमक्ष ल्याउने थियो। सारा समस्याहरूको समाधान परमेश्वरमा नै छ भनेर औँल्याउने लक्ष्य अगमवक्ताले बोक्नुपरेको थियो। वर्तमान परिप्रेक्ष्यमा पनि हाम्रो काम त्यो भन्दा फरक छैन (अर्थात् हामीहरू परमेश्वरको आवाज हो तर समस्या समाधान गर्ने साधन होइन)।

मानिसहरू समक्ष सन्देश प्रसारण गर्न परमेश्वरले यर्मियालाई विभिन्न स्वप्न दर्शनहरू दिनुभएको थियो। तीमा सबभन्दा पहिलो के थियो? हेर्नुहोस् यर्मिया १:११-१९ " परमप्रभुको यो वचन मकहाँ आयोः "यर्मिया, तिमी के देख्छौ मैले

भनें, "म हाड़े-बदामका रूखको एउटा हाँगा देख्दैछु।" १२ तब परमप्रभुले मलाई भन्नुभयो, "तिमीले ठीकै देख्यौ, किनकि मेरो वचन पूरा भएको होस् भनेर म नियालेर हेरिरहेको छु।" १३ परमप्रभुको यो वचन फेरि मकहाँ आयोः "तिमी के देख्दैछौ . मैले भनें, "एउटा उम्लँदैगरेको भाँड़ो उत्तर दिशाबाट घोप्टिरहेको म देख्दैछु।" १४ तब परमप्रभुले मलाई भन्नुभयो, "उत्तरदेखि नै यस देशका सबै मानिसहरूमाथि सर्वनाश खन्याइनेछ। १५ म उत्तरका राज्यहरूका सबै मानिसहरूलाई बोलाउनै लागेको छु, परमप्रभु भन्नुहुन्छ। "उनीहरूका राजाहरू आएर हरेकले आफ्नो-आफ्नो सिंहासन यरूशलेमका मूल ढोकाहरूको पस्ने ठाउँमा स्थापना गर्नेछ। उनीहरू त्यसका चारैतिरका पर्खालहरू र यहूदाका सबै सहरहरूका विरुद्धमा आउनेछन्। १६ मलाई त्यागेर तिनीहरूले गरेका सबै दुष्टताको कारणले गर्दा तिनीहरूका विरुद्धमा म मेरो न्यायको फैसला सुनाउनेछु। तिनीहरूले पराई देवताहरूका निम्ति धूप बाले, र आफ्नै हातले बनाएका कुराहरूलाई दण्डवत् गरे। १७ "तिमीचाहिँ तयार हो! उठ्, र जे-जे कुराको म तिमीलाई आज्ञा दिन्छु ती तिनीहरूलाई भन्। तिनीहरूदेखि तिमी नडरा, नत्रता म तिमीलाई नै तिनीहरूका सामुन्ने भयभीत पार्नेछु। १८ आज यो सारा देश, यहूदाका राजाहरू, अधिकारीहरू, पूजाहारीहरू र देशका मानिसहरूका विरुद्धमा उभिनलाई मैले तिमीलाई एक किल्ला भएको सहर, फलामको खामो र काँसाको पर्खाल बनाएको छु। १९ तिनीहरूले तिम्रो विरुद्ध युद्ध गर्नेछन्, तर तिनीहरू तिमीमाथि विजयी हुनेछैनन्, किनकि तिमीलाई बचाउनलाई म तिम्रो साथमा छु, परमप्रभु भन्नुहुन्छ।

हिब्रू भाषामा लेखिएको ११ पदमा उल्लेख गरेको बिरुवाको हाँगालाई प्रायजसो हाडे वदाम वा मदिसे बदामको हाँगा भनेर अनुवाद गरिएको पाइएको छ। तर त्यस पदमा हिब्रू भाषमा भन्न खोजेको अर्थ त्यसको प्रायजसो अर्थलाई अनुवादमा नखुलाएको

पाइन्छ। ११ पदमा भएको हाडे बदामको रूखको शब्दको जड र पद १२मा उल्लेख गरेको "म हेरिरहेको छु"को शब्दको जड एउटै हो। आफ्नो वचन पूरा हुन परमेश्वर चनाखो भएर हेरिरहनुहुन्छ भनेर बताइएको छ।

यर्मियाको पुस्तकले देखाउन खोजेको सबै सन्देशहरूको निचोड पद ११ र १२ पदहरूमा पाइन्छ भनेर कसैले तर्क गर्नसक्छ। परमेश्वर अनुग्रह र क्षमाको परमेश्वर हुनुहुन्छ। यदि मानिसहरू आआफ्ना पापहरूबाट फर्के तिनीहरूलाई क्षमा दिन र तिनीहरूको पुनर्स्थापना गर्न उहाँ कतिवद्ध हुनुहुन्छ। यदि तिनीहरू पापकै दलदलमा पौडिखेलिनरहन मनपराए तिनीहरूको न्याय गर्न र तिनीहरूलाई उचित दण्ड दिन पनि परमेश्वर कतिवद्ध हुनुहुन्छ।

परमेश्वरका वचनहरू केवल मानिसहरूको निम्ति मात्र नभएर यर्मियाको निम्ति पनि सिधै थियो। उनले सामना गर्नुपर्ने बिरोधको निम्ति तयार हुनुपर्छ भनेर परमेश्वरले उनलाई सतर्क गराउनुभएको थियो। उनले जेसुकै सतावत सहनुपरेतापनि "म तिमीसित छु" भन्ने परमेश्वरको प्रतिवद्धतालाई उन आत्मसात् गर्नुपर्ने जरुरी थियो। परमेश्वर उनमा हुनुपर्ने खाँचो कतिको थियो भनेर हामी पछि हेर्नेछौं। के त्यो खाँचो हाम्रो पनि होइन र?

**प्रभु येशूले पनि उहाँको कतिवद्धता हामीमा छोड्नुभएको थियो। जुन परिस्थितिमा हामी छौं त्यसको निम्ति उहाँको आश्वासन के हामीलाई चाहिन्दैन र? हेर्नुहोस् मत्ती २८:२० "मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।"**

## उपसंहार:

पन्द्रौ शताब्धीमा इसाई सुधारवादको (प्रोटेस्टेन्ट) अग्रज मार्टिन लुथरले आफ्नो यर्मियाको पुस्तकको टिप्पणीमा यसरी लेखेका थिए

“यर्मिया अत्यन्त दु:खित अगमवक्ता थिए। उनी अत्यन्त कठिन र गुज्रेरको युगमा थिए। उनको निम्ति आफ्नो अगमवक्ताको सेवाकार्यको काम अत्यन्त मुश्किलले गर्नु परेको थियो किनकी जुन मानिसहरूको सेवा गर्न उनलाई चुनेका थिए तिनीहरू अत्यन्त रिसाहा र हठी थिए। उनको शत्रुहरू झन झन दुष्ट भएको कारणले आफ्नो जीवनकालमा यर्मियाले धेरै सफलता हासिल गर्न सकेका थिएन। धेरै पल्ट यर्मियाको हत्या गर्न खोजे। उनलाई धेरै करकापमा पार्न खोजे धेरै चोटी उनलाई कोर्राले पिटेका थिए। यद्यपि उनी त्यस समयसम्म बाँचे जब आफ्नो देश तहसनहस भएको थियो र आफ्ना जनहरू बिदेशमा युद्धबन्धी बनाएका हेर्नु परेको थियो।"

"सत्य र धार्मिक आचरणको साक्षी बन्दै त्यसमा अडिग भएर यर्मिया ४० वर्षसम्म आफ्नो देशमा धरोहरको रूपमा उभिएका थिए। जानाजानी परमेश्वरको विरुद्धमा गएर उहाँलाई क्रोधित बनाउन मुर्तीपूजाको संस्कारमा अत्यधिक रूपमा लागेका मानिसहरूको सामु केवल एउटै परमेश्वरको उपासना गर्ने यर्मियाले आफ्नो जीवन र चरित्रद्वारा अनुकरणीय उदाहरण बनेर सबैको सामु चुनौती दिएर बसेका थिए। शत्रुहरूले आफ्नो देशको राजधानी यरुशलेमलाई निर्ममपूर्वक कब्जा गरेको बेलामा उनी योहवाको मुखपत्र बनेका थिए। दाउदको घरानाको पतनको बारेमा उनले भविष्यवाणी गर्नुपरेको थियो र साथै राजा सोलोमनले बनाएका अत्यन्त सुन्दर मन्दिरको ध्वस्त हुने कुराको पनि उनले भविष्यवाणी गरेका थिए। उनी सुरो तथा निडर भएर मानिसहरूको पतित स्वभावको भन्डाफोर गर्दा झ्यालखानामा पर्नुपर्दा पनि देशका उच्च स्थानहरूमा भइरहेका पापको बिरुद्धमा सजिलैसँग बोलिरहन उनलाई कसैले पनि रोक्न सकेको थिएन। तिरस्कृत, बहिस्कृत, हेपाइमा परेका यर्मियाले अन्तमा आफूले भविष्यवाणी गरेको देशको सत्यानाश अक्षरस रूपमा पूरा भएको

आफ्नै आँखाले देख्न पुगेका थिए। दुर्भाग्यको मारमा परेको शहरको नाशलाई टुलुटुलु हेरिरहनुपरेको समाचार पिडा र दुःखित भएर अरूलाई सुनाउनुपरेको थियो।" एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किंग्स*, पृ. ४०८बाट रूपान्तरित।

चिन्तनमनन:

**आफ्नै मानिसहरूबाट ठूलो बिरोधको सामना यर्मियाले गर्न परमेश्‍वरले दिनुभएको चेतावनीको तितो सत्य सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई पनि वर्तमान युगमा लागु भइरहेको कुरा दुःख लाग्दो छ। यर्मिया १:१७-१९ फेरी पढ्नुहोस्। परमेश्‍वरको वचन सञ्चार गर्ने क्रममा यर्मियासँग लडिरहने को थियो त? आफ्नै देशका जनहरूले उनिप्रति आक्रामिक भएको कुरा हामीले सिक्नुपर्दा हामीलाई तर्साउनु स्वभाविकै हो। कतिपय समयमा हामीलाई मन नपर्ने भविष्यवाणीका वचन वा परमेश्‍वरका वचनहरू सुन्नुपर्दा हामीहरूको प्रतिक्रिया कस्तो हुन्छ? संसारलाई सत्य परमेश्‍वरको बारेमा सुनाउन र देखाउन चुनिएका मानिसहरूले नै उहाँको प्रवक्ता र उहाँसँग लडिरहेको कुरा तितो सत्यको रूपमा एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको कुरालाई हामीले कसरी लिने? (हेर्नुहोस् उपदेशक १:९ले के भन्दछ “९ जे भएको छ त्यो फेरि हुनेछ, र जे गरिएको छ त्यो फेरि गरिनेछ। सूर्यमुनि कुनै कुरा नयाँ छैन।")।**